# कानेपोखरी गाउँपालिका

**कानेपोखरी राजपत्र**

खण्ड ५ संख्या ३ मितिः २०७९।०६।१४

## भाग २

## कानेपोखरी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**बयरवन, मोरङ, प्रदेश नं. १, नेपाल**

मिति २०७९ साल असोज ०९ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकले देहाय बमोजिमको कार्यविधि पारित गरेकाले सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ।

# आफ्नै बारी, अर्गानिक पोखरी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**गाउँपालिकाका अध्यक्षज्यूबाट प्रमाणीकरण मितिः २०७९।०६।१३**

**प्रस्तावनाः म फोहोरको वर्गीकरण गर्छु, हामी फोहोरको व्यवस्थापन गर्छौं** अभियान समेतले निर्देश गरे बमोजिम प्रत्येक घरधुरीबाट खाना बनाउने क्रममा निस्कने फोहोर जस्तैः भात, केलाएर बाँकी रहेको साग/सब्जीको बोक्रा, आदिलाई नै स्थानीय चारोमा रुपान्तरण गरी त्यस्तो फोहोरको वर्गीकरण तथा व्यवस्थापन घर/घरमैं गर्ने र त्यस्तो चारो खुवाई स्थानीयस्तरमा लोप हुन लागेको रैथाने लगायत अन्य प्रजातिका माछा पर्यावरण सन्तुलन राख्नका लागि करेसाबारी परिसरमा खनिने स/साना स्केलका पोखरीमै उत्पादन गरी कृषकहरुलाई अर्गानिक माछा उद्यममा जोड्दै गाउँपालिकालाई अर्गानिक माछा उत्पादन पर्यटनमा पहिचान अभिवृद्धि गर्नका लागि कानेपोखरी गाउँपालिकाको बाहौं गाउँ सभा अधिवेशनद्वारा पारित नीति तथा कार्यक्रमको बुँदा नम्बर (७) मा उल्लिखित **"आफ्नै बारी, अर्गानिक पोखरी"** कार्यक्रममा विनियोजित बजेटबाट गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई मापदण्ड बमोजिम अनुदान उपलब्ध गराई कार्यक्रम कार्यान्वयनमा निष्पक्षता र पारदर्शिता कायम गर्न,

कानेपोखरी गाउँपालिकाको विनियोजन ऐन, २०७९ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी कानेपोखरी गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"आफ्नै बारी अर्गानिक पोखरी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९"** रहेको छ।

(२) यो कार्यविधि कानेपोखरी राजपत्रमा प्रकाशन भए पश्चात् गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

**२.** **परिभाषा र व्याख्याः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"अनुदान"** यस कार्यविधि बमोजिम करेसाबारी परिसरमा पोखरी खन्नका लागि छनोट हुने कृषकलाई उपलब्ध गराइने अनुदान रकम सम्झनुपर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) **"कार्यालय"** भन्नाले कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(घ) **"कार्यविधि"** भन्नाले कानेपोखरी गाउँपालिकाको आफ्नै बारी अर्गानिक पोखरी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ लाई सम्झनुपर्छ।

(ङ) **"कार्यक्रम"** भन्नाले आफ्नै बारी, अर्गानिक पोखरी कार्यक्रमलाई सम्झनुपर्छ।

(च) **"कृषकको स्वामित्वमा भएको जग्गा"** भन्नाले कार्यक्रममा सहभागिता जनाउन आवेदन गर्ने कृषकको नाममा जग्गाधनी प्रमाण-पूर्जा भएको जग्गा वा कृषकले भोग चलन गर्दै आएको जग्गा हो भनी वडाले सिफारिस गरी दिएको जग्गालाई सम्झनुपर्छ।

(छ) **"गाउँपालिका"** भन्नाले कानेपोखरी गाउँपालिका, मोरङलाई सम्झनुपर्छ।

(ज) **"वडा"** भन्नाले कानेपोखरी गाउँपालिकाको कुनैपनि वडालाई सम्झनुपर्छ।

(झ) **"सभा"** भन्नाले कानेपोखरी गाउँपालिका, मोरङको गाउँ सभालाई सम्झनुपर्छ।

(ञ) **"पोखरी"** भन्नाले कम्तीमा दश धुरदेखि बढीमा एक कठ्ठा क्षेत्रफलमा करेसाबारी परिसरमा खनिने पोखरीलाई सम्झनुपर्छ।

**३.** **लाभग्राही कृषक लक्षित सूचना प्रकाशन गरिनेः** कार्यालयले पोखरी खन्नका लागि इच्छुक गाउँपालिका क्षेत्रभित्रका सबै लाभग्राही कृषकहरुलाई लक्षित गरेर अनुसूची १ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

**४.** **कार्यक्रममा सहभागिता जनाउन चाहने कृषकले आवेदन गर्नुपर्नेः** दफा ३ बमोजिम प्रकाशन हुने सूचना बमोजिम कार्यक्रममा सहभागिता जनाउन चाहने कृषकले अनुसूची २ बमोजिमको ढाँचामा वडा कार्यालयमा आवेदन गर्नु पर्नेछ।

**५.** **कार्यक्रममा सहभागिता जनाउन आवेदन गर्ने सम्पूर्ण कृषकहरुको आवेदन छानवीन गरिनेः** कार्यक्रममा सहभागिता जनाउन चाही दफा ३ बमोजिमको सूचना अनुसार आवेदन गर्ने सम्पूर्ण कृषकको आवेदन तथा आवेदनसाथ संलग्न अन्य कागजातहरुको छानवीन आर्थिक विकास समितिले गर्नेछ।

**६.** **आवेदक कृषकहरुको आवेदन छानवीन गरी उपयुक्त संख्याका कृषकहरुलाई मात्र कार्यक्रमका लागि छनोट गरिनेः** (१) कार्यक्रममा सहभागिता जनाउन चाही दफा ३ बमोजिमको सूचना अनुसार आवेदन गर्ने सम्पूर्ण कृषकहरुको आवेदन तथा आवेदनसाथ संलग्न अन्य कागजातहरु रीतपूर्वक भए/नभएको लगायतका अन्य विषयको छानवीन आर्थिक विकास समितिले गर्नेछ।

(२) कार्यक्रमका लागि स्वीकृत बजेट समेतलाई मध्यनजर गर्दै आर्थिक विकास समितिले देहायमा उल्लिखित सूचकका आधारमा लाभग्राही कृषकको छनोट गर्नेछः

**(क)** पोखरी खन्नका लागि कृषक स्वयंले व्योहोर्ने लागत सहभागिताको प्रतिवद्धता वापत् -२५ अंक,

(कार्यक्रममा सहभागिता जनाउन आवेदन गर्ने कृषकले ५० प्रतिशतसम्म लागत सहभागिता व्योहोर्ने प्रतिवद्धता गरेमा दामासाहीका दरले अंक प्रदान गरिनेछ। जस्तैः ५० प्रतिशत लागत सहभागिता व्योहोर्ने प्रतिवद्धता गरेमा २५ अंक प्रदान गरिनेछ भने ४९ प्रतिशत व्योहोर्ने प्रतिवद्धता गरेमा २४.५ अंक, १५ प्रतिशत व्योहोर्ने प्रतिवद्धता वापत् ७.५ अंक प्रदान गरिनेछ)

**(ख)** उब्रिएको भात, केलाएर बाँकी रहेको साग/सब्जीको बोक्रा, आदिलाई नै स्थानीय चारोमा रुपान्तरण गरी माछा उत्पादन गर्ने प्रतिवद्धता वापत् -१० अंक,

**(ग)** उब्रिएको भात, केलाएर बाँकी रहेको साग/सब्जीको बोक्रा बाहेकका अन्य कुहिने फोहोरलाई पोखरीको डिलमै प्राङ्गारिक मलमा रुपान्तरण गर्ने प्रतिवद्धता वापत् -१० अंक

**(घ)** कृषकको स्वामित्वमा भएको जग्गाको क्षेत्रफल वापत् अधिकतम -२५ अंक,

(तीन (३) कठ्ठासम्म क्षेत्रफल भएकालाई २५ अंक, तीन (३) कठ्ठाभन्दा बढी पाँच (५) कठ्ठासम्म क्षेत्रफल भएकालाई २२ अंक, पाँच (५) कठ्ठाभन्दा बढी सात (७) कठ्ठासम्म क्षेत्रफल भएकालाई २० अंक र सात (७) कठ्ठाभन्दा माथि दश (१०) कठ्ठासम्म क्षेत्रफल भएकालाई १८ अंक र दश (१०) कठ्ठाभन्दा माथि जतिसुकै क्षेत्रफल भएकालाई १६ अंक प्रदान गरिनेछ।

(ङ) प्राविधिक प्रतिवेदन वापत् अधिकतम् -१० अंक

(कार्यक्रममा सहभागिता जनाउन इच्छुक भई आवेदन गर्ने कृषकको प्रस्तावित पोखरी खनिने जग्गाको कार्यालयका प्राविधिक मार्फत् स्थलगत अनुगमन गरिनेछ। स्थलगत अनुगमनका क्रममा पोखरी खन्नका लागि प्रस्ताव गरिएको जग्गा उत्तम भए १० अंक, मध्यम भए ८ अंक र सामान्य भए ५ अंक प्रदान गरिनेछ)

७. **कार्यक्रममा छनोट हुने कृषकलाई आधारभूत तालिम प्रदान गरिनेः** कार्यक्रमका लागि छनोट हुने कृषकसँग अनुदान सम्झौता गर्नु अगावै कार्यालयले विषयविज्ञ जनशक्ति मार्फत् कार्यक्रमसँग सम्बन्धित आधारभूत तालिम कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

८. **कार्यक्रममा सहभागी हुन छनोट भएका कृषकलाई अनुदान उपलब्ध गराइनेः** (१) यस कार्यविधिमा उल्लिखित प्रावधान बमोजिम करेसाबारी परिसरमा पोखरी खन्नका लागि कार्यक्रममा सहभागी हुन छनोट हुने कृषकलाई प्रति कठ्ठा बढीमा बीसहजार रुपैयाको सीमाभित्र रहेर दामासाहीका दरले नगद अनुदान उपलब्ध गराइनेछ।

(२) दफा ७ बमोजिम सञ्चालन हुने तालिम कार्यक्रममा सहभागिता नजनाउने कृषकलाई उपदफा (१) बमोजिमको अनुदान रकमको पाँच प्रतिशत रकम कट्टा गरेर मात्र अनुदान उपलब्ध गराउन सकिनेछ।

९. **कृषकसँग अनुदान सम्झौता गरिनेः** (१) अनुदानका लागि छनोट भएका कृषकसँग पोखरी खन्नका लागि कार्यालयले सफ्टवेयर प्रणाली मार्फत् अनुदान सम्झौता गर्नेछ।

१०. **अनुदान सम्झौता गरिने कृषकले खन्ने पोखरीको अनुगमन तथा मूल्यांकन गरिनेः** (१) यस कार्यविधि बमोजिमको कार्यक्रमका लागि छनोट भई अनुदान सम्झौता गरिने कृषकले खन्ने पोखरीको देहायमा उल्लिखित निकाय तथा पदाधिकारीबाट अनुगमन तथा मूल्यांकन गरिनेछः

| सि.नं. | अनुगमन तथा मूल्यांकन गरिने विषयक्षेत्र | अनुगमन/मूल्यांकन गरिने निकाय/पदाधिकारी | अनुगमन/मूल्यांकन गरिने समयावधी |
|---|---|---|---|
| १. | समग्र कार्यक्रमको प्रभावकारिता | गाउँपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति | आवश्यकता अनुसार |
| २. | कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन भए/नभएको | आर्थिक विकास समिति/वडा समिति | निरन्तर |
| ३. | मापदण्ड तथा सम्झौता बमोजिम कार्यक्रम कार्यान्वयन भए/नभएको | पशु सेवा शाखाका प्राविधिक/सम्बन्धित वडाका पूर्वाधार विकास हेर्ने कर्मचारी | निरन्तर |

**११. अनुदान सम्झौता बमोजिमको रकम कृषकलाई उपलब्ध गराइनेः** यस कार्यविधि बमोजिम अनुदान सम्झौता गरिने कृषकले सम्झौतामा उल्लिखित शर्त र मापदण्ड बमोजिम पोखरी खनेको हो भनी सम्बन्धित वडा र आर्थिक विकास समितिबाट प्राप्त प्रतिवेदन तथा सम्झौतामा उल्लिखित शर्त पूरा भएको देखिएमा कार्यालयले सम्झौता बमोजिमको अनुदान रकम कृषकलाई उपलब्ध गराउनेछ।

**१२. अनुदान पाई पोखरी खन्ने कृषकको विवरण अद्यावधिक राख्नुपर्नेः** यस कार्यविधिमा व्यवस्था भए बमोजिम अनुदान पाई पोखरी खन्ने सम्पूर्ण कृषकको अद्यावधिक विवरण पशु सेवा शाखाले राखी सो विवरण सार्वजनिक समेत गर्नु पर्नेछ।

**१३. अनुदान पाई पोखरी खनेका कृषकले स्थानीय चारोको प्रयोग गर्नुपर्नेः** यस कार्यविधि बमोजिम अनुदान लिई पोखरी खन्ने कृषकले त्यस्तो पोखरीमा स्थानीय चारो मात्र प्रयोग गरेर माछा उत्पादन गर्नु पर्नेछ।

**१४. अनुदान पाई पोखरी खनेका कृषकले कुहिने फोहोरको व्यवस्थापन पोखरीको डिलमै गर्नुपर्नेः** यस कार्यविधि बमोजिम अनुदान लिई पोखरी खन्ने कृषकको घरबाट निस्किने कुहिने फोहोरलाई त्यसरी खनिने पोखरीको डिलमै प्राङ्गारिक मल बनाउन प्रयोग गर्नु पर्नेछ।

**१५. दोहोरो पर्ने गरी अनुदान उपलब्ध नगराइनेः** (१) अनुदान प्राप्तिका लागि आवेदन गर्ने कृषकले नेपाल सरकार वा प्रदेश सरकार वा गाउँपालिकाबाट विगत तीन वर्ष यता कृषि क्षेत्रको लागि बीस हजार रुपैंयाभन्दा बढी रकम बराबरको अनुदान लिएको पाइएमा त्यस्ता कृषकलाई दोहोरो पर्ने गरी यस कार्यविधि बमोजिमको अनुदान उपलब्ध गराइने छैन।

(२) उपदफा (१) बमोजिमको अनुदान लिए/नलिएको सम्बन्धमा अनुदान प्राप्तिका लागि आवेदन गर्ने कृषक स्वयंले स्वःघोषणा गर्नु पर्नेछ।

**१६. बाधा/अड्काउ फुकाउन सकिनेः** यो कार्यविधि कार्यान्वयनमा कुनै वाधा वा अड्चन आई परेमा आर्थिक विकास समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो वाधा वा अड्चन फुकाई कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।

**१७. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिए जति विषय यसै कार्यविधि बमोजिम तथा अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**अनुसूची १**

(कार्यविधिको दफा ३ सँग सम्बन्धित)

कानेपोखरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, बयरवन, मोरङ

(पशु सेवा शाखा)

**"आफ्नै बारी, अर्गानिक पोखरी" कार्यक्रममा सहभागिता जनाउन चाहने कृषक लक्षित सूचना**

प्रत्येक घरधुरीबाट खाना बनाउने क्रममा निस्कने फोहोर जस्तैः भात, केलाएर बाँकी रहेको सागसब्जीको बोक्रा आदिलाई नै स्थानीय चारोमा र, सो बाहेक अन्य कुहिने फोहोरलाई करेसाबारी परिसरमै प्राङ्गारिक मलमा रुपान्तरण गरी **"म फोहोरको वर्गीकरण गर्छु, हामी फोहोरको व्यवस्थापन गर्छौं"** अभियान समेतले निर्देश गरे बमोजिमको व्यवस्था कार्यान्वयन समेत गर्न कानेपोखरी गाउँपालिकाको बाह्रौं गाउँ सभा अधिवेशनद्वारा पारित **"आफ्नै बारी, अर्गानिक पोखरी"** कार्यक्रमका लागि विनियोजित बजेट निष्पक्ष र पारदर्शी तवरले कार्यान्वयनमा लैजान कानेपोखरी गाउँ कार्यपालिकाबाट **"आफ्नै बारी अर्गानिक पोखरी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९"** पारित भएको छ। अर्गानिक माछा उत्पादन गर्ने मुल ध्येयले करेसाबारी परिसरमा कम्तीमा दश धुरदेखि बढीमा एक कठ्ठासम्मको क्षेत्रफलको जग्गामा पोखरी खन्न चाही आवेदन गरी **कार्यविधि बमोजिम छनोट हुने कृषकहरुलाई स्वीकृत कार्यविधि बमोजिम प्रति कठ्ठा बीस हजार रुपैंयासम्मको सीमामा** रहेर अनुदान उपलब्ध गराउन सकिने प्रावधान रहेकाले यो सूचना प्रकाशित भएको मितिले एक्काइस (२१) दिनभित्र अनुसूची २ बमोजिमको ढाँचामा आ/आफ्नो वडा कार्यालयमा रीतपूर्वकको आवेदन गर्नुहुन गाउँपालिका क्षेत्रभित्रका सबै कृषक लक्षित यो सूचना प्रकाशित गरिएको छ।

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. कार्यविधिको अनुसूची २ बमोजिमको ढाँचामा भरिएको रीतपूर्वकको आवेदन फारम,
२. कृषकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी वा भोगचलन गर्दै आएको जग्गा भए भोगचलन गर्दै आएको भनी वडा अध्यक्षले दिएको सिफारिस।
३. बीस हजार रुपैंया वा सोभन्दा बढी मूल्य बराबरको अनुदान पछिल्लो ३ (तीन) वर्ष यता कुनैपनि सरकारीस्तरको निकायबाट अनुदान नलिएको भनी स्वःघोषणा गर्नुपर्ने।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## अनुसूची २

(कार्यविधिको दफा ४ सँग सम्बन्धित)

श्री वडा अध्यक्षज्यू, मिति २०   ।   ।

..... नं. वडा कार्यालय, कानेपोखरी गाउँपालिका, मोरङ।

**विषयः अनुदान प्राप्तिका लागि आवेदन गरेको।**

प्रस्तुत विषयमा कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालयको मिति २०   ।   ।   मा प्रकाशित सूचनाका विषयमा मलाई जानकारी भयो। **आफ्नै बारी अर्गानिक पोखरी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९** बमोजिम म पनि करेसाबारी परिसरमा पोखरी खन्न इच्छुक रहेकाले देहायमा उल्लिखित विवरण संलग्न राखी अनुदान प्राप्तिका लागि यो आवेदन गर्दछु। मैले भरेका विवरण ठीक साँचो हो। झुट्टा ठहरिए कानून बमोजिम सहुँला/बुझाउँला।

| सि.नं. | विवरण |
|---|---|
| १. | कार्यक्रमका लागि छनोट भएको खण्डमा कार्यविधि बमोजिम उपलब्ध गराइने अनुदान रकमको ........ प्रतिशत बराबरको रकम पोखरी खन्नमा म स्वयंले पनि परिचालन गर्नेछु। |
| २. | कार्यक्रमका लागि छनोट भई पोखरी खनिएको खण्डमा उब्रिएको भात, केलाएर बाँकी रहेको साग/सब्जीको बोक्रा आदिलाई नै स्थानीय चारोमा रुपान्तरण गरी माछा उत्पादन गर्ने प्रतिवद्दता-<br>(क) गर्छु (ख) गर्दिन। (कुनै एकमा गोलो चिनो लगाउने) |
| ३. | ...................................... क्षेत्रफल बराबरको जग्गा मात्र मेरो स्वामित्वमा रहेको छ। र, उक्त जग्गा-<br>(क) मेरो स्वामित्वमा नै रहेको छ।<br>(ख) मैले ......... वर्षदेखि भोगचलन गर्दै आएको छु।<br>(उल्लिखित विवरणमा जुन सही हो, त्यसमा गोलो चिनो लगाउने) |
| ४. | उब्रिएको भात, केलाएर बाँकी रहेको साग/सब्जीको बोक्रा बाहेकका अन्य कुहिने फोहोरलाई पोखरीको डिलमै प्राङ्गारिक मलमा रुपान्तरण गर्ने प्रतिवद्धता-<br>(क) व्यक्त गर्दछु। (ख) व्यक्त गर्दिन। (कुनै एकमा गोलो चिन्ह लगाउने) |

**स्वः घोषणा सम्बन्धी व्यवस्थाः**

मैले विगत तीन वर्षभित्र कुनैपनि सरकारीस्तरको निकायबाट कृषि क्षेत्रसँग सम्बन्धित कार्यका लागि बीस हजार रुपैया वा सोभन्दा बढीको कुनैपनि प्रकारको अनुदान-

(क) लिएको छैन। (ख) लिएको छ। (कुनै एकमा गोलो चिन्ह लगाउने)

**संलग्न कागजातहरुः**

-नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

-जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि।

-भोगचलन गरेको जग्गा भए वडाको सिफारिस।

**निवेदक/कृषकको नाम,थरः**

**सम्पर्क नम्बरः**

**हस्ताक्षरः**

**श्री कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, बयरवन, मोरङ।**

निवेदक/कृषकलाई कार्यविधिमा व्यवस्था भए बमोजिम कार्यक्रममा सहभागी गराई दिनुहुन सिफारिससाथ अनुरोध गर्दछु।

..............................................

(                              )

वडा अध्यक्ष

मितिः २०   ।   ।   .....नं. वडा, कानेपोखरी गाउँपालिका, मोरङ।

आज्ञाले- सन्तोष घिमिरे

प्रमुख प्रशासकीय अधिकृत

कानेपोखरी गाउँपालिका, मोरङ।